सूचना ! सूचना !! सूचना !!!

च. नं. १९४

**खडक नगरपालिकाको अत्यन्त जरुरी सूचना**

**प्रथम पटक प्रकाशित**

**मिति २०७५/०५/१९**

**आ.व.२०७५/०७६ को हटिया ठेक्का र पोखरी ठेक्का सम्बन्धी सूचना !**

उपरोक्त सम्बन्धमा खडक नगरपालिका नगर कार्यपालिकाको मिति २०७५/४/२१ गतेको बैठकको निर्णयानुसार नगरपालिकाको आन्तरिक स्रोत वृद्धिको लागि निम्नानुसारको पोखरी र हटिया ठेक्का खुल्ला डाक बढाबढबाट लगाउनु पर्ने भएकोले तपसिलको शर्तको अधिनमा रही इच्छुक व्यक्ति/संस्थाहरुलाई उक्त कार्यमा उल्लेख्य सहभागिता जनाउन सर्वसाधारण सबैको जानकारीको लागि यो १५ दिने सुचना प्रकाशन गरिएको छ।

निम्न

| सि.नं. | विवरण | न्युनतम कबोल अंक रु. | फारम दस्तुर | ठेक्काको अवधि | कैफियत |
|---|---|---|---|---|---|
| १. | फुलेश्वर नाथ बजारको ठेक्का खडक न.पा.-१० | ५१०००।- | ५००।- | आ.व.२०७५/७६ | |
| २. | डोमराहि पोखरी खडक न.पा.-११ | २१३०००।- | ५००।- | आ.व.२०७५/७६ देखि आ.व. २०७७/७८ सम्म | |

**नियम तथा शर्तहरु :**

१. नाम दर्ता गराउने मिति २०७५/०६/२ गते सम्ममा नाम दर्ता गराउनु पर्ने छ। डाक हुनं अगाडि दोब्बर दस्तुर तिरी नाम दर्ता गर्न सकिनेछ।
२. दर्ता वापत रु.५००/- नगदै बुझाउनुपर्दछ।
३. डाक बढाबढ हुने मिति २०७५/०६/४ गते दिनको २:०० बजे देखि ४:०० बजे सम्म सम्बन्धित वडा कार्यालयहरुमा हुनेछ।
४. बोलकबोलमा सहभागिता जनाउनेले नेपाली नागरिकताको प्रतिलिपि सहित नाम दर्ता गराउनु पर्नेछ।
५. डाक बढाबढमा आफूले कबोल गरेको स्वीकृत अंकको ५ प्रतिशत धरौटी बापतको रकम तत्काल जम्मा गर्नु पर्नेछ।
६. कबोल अंक स्वीकृत भएपछि सम्बन्धित ठेकेदारले राष्ट्रिय बाणिज्य बैंक राजविराज सप्तरी स्थित यस कार्यालयको संचित कोष खाता नं.२१८०३०४०१८१०५ मा नगद जम्मा गर्नुपर्ने छ।
७. एक मुष्ठ वा प्रथम किस्ता बापतको ४० प्रतिशत रकम ७ दिन भित्र बुझाई चलान पुर्जा लिनु पर्नेछ। नबुझाएमा नियमानुसार अन्य व्यक्ति वा संस्थाहरुलाई ठेक्का दिईनेछ।
८. ठेकेदारले सम्झौताको शर्त र नियम.प्रचलित ठेक्का सम्झौता ऐन नियम तथा न.पा.को प्रत्यक्ष निति निर्देशनमा रही सञ्चालन गर्नुपर्नेछ, सम्झौता विपरित कार्य गरेमा जुनसुकै समयमा न.पा.ले एक तर्फी सम्झौता भङ्ग गरी वैकल्पिक व्यवस्था गर्न सक्नेछ। सो निर्णय उपर कहीं कतै उजुर वाजुर लाग्ने छैन।
९. लिखित नाम दर्ता भएको व्यक्तिले मात्र बोल्न पाउनेछ।
१०. ठेक्का सम्बन्धि अन्य शर्तको जानकारीका लागि खडक न.पा.को कार्यालयमा सम्पर्क गर्नुपर्नेछ।
११. ठेक्का स्वीकृत गर्ने वा नगर्ने अन्तिम अधिकार नगरपालिकामा निहित रहनेछ।
१२. साविक गा.वि.स. पेश्की बाँकी, ठेक्का वा अन्य बाँकी बक्यौता हुनेले वक्यौता रकम यस न.पा.मा नबुझाई कुनैं पनि ठेक्कामा भाग लिन पाउने छैन।
१३. ठेक्का बन्दोवस्त भई रहेको अवस्थामा रहेका पोखरीको अवस्थामा कुनै किसिमको संरचना हेरफेर गर्न पाईने छैन् साथै पोखरीहरु सामान्य मरम्मत संभार गर्नु परे ठेक्केदार स्वयंमले गर्नुपर्ने र समान्य मर्मत संभारको रकम न.पा.मा गर्न पाईने छैन।
१४. ठेक्का बन्दोवस्त भई सकेपछि कुनै किसिमको दैवी प्रकोप, खडेरी आदि भएमा त्यसको जिम्मेवार स्वयम ठेक्केदार नै हुनुपर्ने र सो को कबोल गरेको रकममा मिन्हा हुने छैन।

..................

निरज कुमार देव

नि. प्रमुख प्रशासकिय अधिकृत